सत्यको लागि चुक्दैनौ झुक्दैनौ हामी...

# प्रदेश समाचार

दैनिक

Pradeshsamachar Daily

बर्ष ३ अंक २०२ २०८१ चैत १४ गते बिहिवार | मूल्य ५/- | पृष्ठ सङ्ख्या ४



बेटी पढाऔ, बेटी बचाउ

गौर नगरपालिका गौर, रौतहट


## मुख्यमन्त्रीको आदेशलाई लत्त्याउँदै रौतहटको आनन्द हस्पिटल सञ्चालन, कारबाही गर्न स्थानीयहरुको माग

दिलीप पाण्डे रौतहट। मधेस प्रदेशका मुख्यमन्त्री सतिश सिंहको निर्देशनमा रौतहट जिल्लामा अवैध अस्पतालहरू बन्द गर्ने अभियान जारी छ। तर, जिल्लाको गरुडा नगरपालिकामा रहेको आनन्द हस्पिटल एक्युपन्चर सेन्टरले मुख्यमन्त्रीको आदेश उल्लङ्घन गर्दै पुनः सञ्चालनमा ल्याएको छ।

मुख्यमन्त्री सिंहको नेतृत्वमा गएको अनुगमन टोलीले गरुडा नगर पालिका-५, शिवनगरस्थित आनन्द हस्पिटल एक्युपन्चर सेन्टर अवैध रूपमा सञ्चालन भइरहेको प्रमाणसहित बन्द गर्न निर्देशन दिएको थियो। सोही क्रममा अस्पताललाई तत्काल बन्द गर्न पत्र समेत दिइएको थियो। तर, अस्पतालका सञ्चालक उमेश प्रसादले निर्देशनलाई बेवास्ता गर्दै पुनः सञ्चालनमा ल्याएका छन्। मुख्यमन्त्री सिंहले उक्त अस्पताललाई कानुनी रूपमा मात्र २५ बेड सञ्चालनको अनुमति प्राप्त भए पनि गैर कानुनी रूपमा ५० बेडसम्म बढाएर सञ्चालन गरिनु कानुनी अपराध भएको बताएका थिए।

तर, पैसा र पहुँचको आडमा सञ्चालक उमेश प्रसादले अस्पताल पुनः सञ्चालन गराएको आरोप छ। स्थानीय बासिन्दाहरूका




अनुसार, उक्त अस्पतालमा अत्यधिक शुल्क लिइने, गुणस्तरहीन सेवा प्रदान गरिने, दक्ष चिकित्सकको अभाव रहेको, तथा बिना दर्ताका स्वास्थ्यकर्मीहरूले उपचार गरिरहेको पाइएको छ।

मुख्यमन्त्रीको आदेशपछि पनि अस्पताल सञ्चालनमा आउनुले प्रशासनको भूमिकामाथि गम्भीर प्रश्न उठेको छ। स्थानीयबासीहरूले प्रहरी प्रशासन र सम्बन्धित निकायले कुनै कारबाही नगर्नु सन्देहपूर्ण रहेको भन्दै विरोध जनाएका छन्। स्थानीयहरूले कानुनी राज्यको अस्तित्वमाथि प्रश्न उठाउँदै तत्काल कारबाहीको माग गरेका छन्।

एक स्थानीयले भने, "मुख्यमन्त्री स्वयंले आदेश दिएर पनि कारबाही हुन सकेन भने यो लुटेराहरूको अखडा बन्ने खतरा छ। प्रशासनले तुरुन्त कारबाही गरेन भने हामी आफैँ आन्दोलनमा जान बाध्य हुनेछौँ।"

अब प्रशासनले अवैध अस्पताललाई बन्द गर्ने कठोर कदम चाल्ने कि पुनः सेटिङकै राजनीति हुने भन्ने प्रश्न स्थानीय स्तरमा उठेको छ। तर, तत्काल कारबाही नभए स्वास्थ्य ठगीको सिकार सर्वसाधारण बन्ने निश्चित छ।

## हराइरहेकी १३ वर्षीया गुलशना खातुनको शव बोराभित्र फेला, हत्या गरि गाडिएको आशंका

सिरहा। गत फागुन २९ गतेदेखि बेपत्ता रहेकी सिरहा गोलबजार नगर पालिका-९ गोविन्दपुरकी १३ वर्षीया गुलशना खातुनको शव बोरामा बेरिएको अवस्थामा फेला परेको छ। शव घुर्मी खोलाको किनारमा खाडल खनेर गाडिएको अवस्थामा प्रहरीले फेला पारेको हो। बिहान गोठालाहरूले झाडीबाट दुर्गन्ध आएको बताएपछि स्थानीयले इलाका प्रहरी कार्यालय मिर्चैयालाई खबर गरेका थिए। सूचना पाएपछि पुगेको प्रहरीले तीन फिट गहिरो खाडल खनेर जुटको बोराभित्र रहेको शव बाहिर निकालेको सिरहा प्रहरी प्रमुख एसपी सन्त बहादुर बाखुले जानकारी दिए।

शव कुहिसकेको र पहिचान गर्न कठिन भएको प्रहरीले जनाएको छ। तर, कपडा र बाँकी रहेको शरीरको आधारमा शव गुलशना खातुनकै हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ। प्रारम्भिक अनुसन्धानमा अपराधीले शव छिटो कुहियोस् भनेर खाडलमा नुन हालेर गाडेको खुल्न आएको छ।

गुलशनाकी आमा जाहेदा खातुनले चैत १ गते छोरी हराएको उजुरी दिएकी थिइन्। तर, प्रहरीको



लापरवाहीले छोरीको ज्यान गएको भन्दै परिवार आक्रोशित बनेका छन्। जाहेदा खातुनले छोरीको खोजीमा प्रहरी उदासीन भएको आरोप लगाउँदै भनिन्, "छोरी भेटिएको छ, चाँडै ल्याउँछौं भनेका थिए, तर सग्लो लाश पनि दिन सकेनन्।" चैत ६ गते प्रहरी नायब उपरीक्षक (डीएसपी) बाखुले बालिका छिमेकी जिल्ला धनुषामा देखिएको सूचना आएको दाबी गरेका थिए। तर, त्यो सूचना गलत सावित भयो। अहिले प्रहरीले अनुसन्धानलाई तीव्र पार्ने र दोषी पत्ता लगाएर कडा कारबाही गर्ने बताएको छ।

गुलशना खातुन स्थानीय सामुदायिक विद्यालयमा कक्षा ४ मा अध्ययनरत थिइन्। उनका आमाबुवा छोरीको विभत्स हत्या देखेर शोकमा छन् भने गोविन्दपुर गाउँ नै स्तब्ध बनेको छ।

प्रहरीले घटनाको गम्भीर अनुसन्धान थाल्ने बताएको छ। शवलाई पोस्टमार्टमका लागि सिरहा अस्पताल पठाइएको छ भने घटनामा संलग्न दोषी पहिचानका लागि थप अनुसन्धान भइरहेको छ।





प्रदिप यादव
बौधीमाई नगरपालिका कार्यालय
सरमुजवा,रौतहट




बिनोद पटेल
वृन्दावन नगरपालिका कार्यालय
बिश्रामपुर,रौतहट

## सम्पादकीय . ..

# गैरसरकारी संस्थाको बेथिति रोक

गैरसरकारी संस्था नेपालको शासकीय संरचनाको एउटा महत्वपूर्ण साझेदार हो । नाफारहित, स्वयंसेवी भावना, विपन्न र पछाडि परेका वर्गको समुत्थान गर्ने उद्देश्यले गैर सरकारी संस्थाहरूको स्थापना हुन्छन् । सरकारी तवरबाट हुन नसकेका कैयौं सामाजिक कार्य यस्तै संस्थाहरूबाट भइरहेका उदाहरण छन् । समाजसेवाको नाममा गैर सरकारी संस्थाहरू सञ्चालन भइरहेका भए पनि कतिपय संस्थामा पारदर्शिता, सुशासन र समावेशिताको अभाव देखिन्छ । सुर्खेतको कोपिला भ्याली सेवा समाजमा देखिएको नातावादको प्रकरणले यसैको ज्वलन्त उदाहरण प्रस्तुत गरेको छ । कोपिला भ्याली बालगृहमा कार्यरत ललिता कुमारी रानाको निष्कासन र पवनकुमारी विकलाई जागिर नदिई प्रबन्ध निर्देशक टोपबहादुर मल्लकी भतिजी चन्द्रिका सिंहलाई प्राथमिकता दिइएको घटनाले संस्थामा व्याप्त नातावाद र पक्षपात उजागर भएको छ । जब कुनै संस्थाले योग्यताभन्दा साइनो सम्बन्धलाई प्रमुखता दिन्छ, तब त्यसले संस्थाको नैतिक धरातल खस्काउँदै लैजान्छ । समाजसेवाको नाममा सञ्चालित कोपिला भ्याली सेवा समाजले गरिब, असहाय र विपन्न वर्गका लागि काम गर्ने दाबी गर्छ । तर, संस्थाका महत्वपूर्ण पदमा मल्ल परिवारका ४४ सदस्य कार्यरत हुनु आफैंमा नातावादको ज्वलन्त उदाहरण हो । यस्तो संस्थामा बाहिरी योग्य उम्मेदवारलाई अवसर नदिई आफ्ना परिवारजनलाई मात्र रोजगारी प्रदान गरिनु समाजसेवा होइन, निजी जागिर केन्द्र बनाउनु हो । यस घटनाले नेपालको गैरसरकारी क्षेत्रको सुशासनप्रति पनि गम्भीर प्रश्न उठाएको छ । विदेशी सहयोग प्राप्त संस्थाहरूमा यस्तो बेथिति हुनु दुःखद् पक्ष हो । नातावाद, कृपावाद र अपारदर्शी व्यवस्थापनले कुनै पनि संस्थाको दीर्घकालीन अस्तित्व सुनिश्चित गर्न सक्दैन । समावेशिता, प्रतिस्पर्धात्मकता र पारदर्शिता कायम नगर्ने हो भने संस्थाहरू आफ्नै बोझले ध्वस्त हुनेछन् । सरकार, नियमनकारी निकाय र दातृसंस्थाहरूले यस्ता संस्थाहरूको कडाइका साथ अनुगमन गर्नुपर्छ । यस घटनाले संस्थागत सुधार र गैर सरकारी क्षेत्रको निगरानी बढाउनु आवश्यक रहेको देखाएको छ । योग्य र सक्षम व्यक्तिलाई अवसर दिने प्रणाली विकास नगरेसम्म यस्ता संस्थाले समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्दैनन् । कोपिला भ्याली सेवा समाज जस्ता संस्थाले आत्मसमीक्षा गर्दै सुशासनको मापदण्ड स्थापित गर्नुपर्छ । अन्यथा, समाजसेवाको खोल ओढेर गरिने यस्ता कृयाकलापले दाताहरूको विश्वास गुम्नेमात्र होइन, वास्तविक लाभार्थीहरू अन्यायमा पर्ने क्रम जारी रहने छ । सरकारले पनि गैरसरकारी संस्थाहरूको कडाइका साथ नियमन गर्नुपर्छ । आर्थिक पारदर्शिता कायम गर्नेगरी नीति तर्जुमा गर्नुपर्छ ।

# प्रयास दलित मुक्तिको

*गणेश एसके*

नेल्सन मण्डेलाले भनेका छन्, शिक्षा सबैभन्दा शक्तिशाली हतियार हो जसको प्रयोग गरेर तपाईं संसारलाई परिवर्तन गर्न सक्नुहुन्छ।! नेपाली समाजमा शिक्षा परिवर्तनको वाहक बन्दै छ त ? शिक्षा व्यक्तित्व विकासको बलियो हतियार हो। शिक्षाले केवल सर्टिफिकेट वा डिग्रीमात्र प्रदान गर्दैन। बरू यसले सही व्यवहारको अभ्यास र सचेत विवेक दिन्छ। समाजलाई सकारात्मक रुपान्तरणको बाटोमा डोहोऱ्याउँछ भनिन्छ। तर नेपालको शिक्षा प्राणालीले त्यो चेतना दिइरहेको छ त ? यो प्रश्नको विषय छ।

अहिलेको शिक्षित जमात उल्टो दिशामा गइरहेको भान बेलाबखत हुन्छ। किनकि शिक्षित समाजले नै जातीय विभेद गर्छन्। जसको सिकार आज पनि दलित युवाले बन्नु परेको छ। जसरी दलित विद्यार्थीसँग अमानवीय हर्कत देखाउँदै विभेद गरिरहेको छ, त्यसको जति निन्दा गरे पनि कम हुन्छ। शिक्षित त सत्यको पक्षपाती हुनुपर्ने हो तर नेपाली शिक्षित जमात पुरातन र पश्चगमनको साक्षी बनिरहेको छ। इतिहासमा त दलित समुदायमाथि घोषित रुपमै विभिन्न पेसा तथा व्यवसायमा प्रतिबन्ध थियो नै, अहिले त्यो घोषित रोकाबट त देखिँदैन तर अघोषित रुपमा आज पनि दलित समुदायको पहुँचमाथि प्रतिबन्ध छ। स्वाभिमान र आत्मसम्मान माथि नियन्त्रण छ। यसको एउटा उदाहरण हो, दलित विद्यार्थीलाई कथित गैरदलित भनिनेहरुले सहर क्षेत्रमा कोठा भाडामा नदिनु र दलित समुदायमा जन्मेकै कारण मानिस सरह स्वीकार नगर्नु।

जब २०७४ सालमा उच्च शिक्षा पढ्ने उद्देश्यसहित कञ्चनपुर आएँ, तब थाहा भयो कि सहरमा दलितलाई कोठा दिइँदैन भनेर। जब थर थाहा पाउँछन्, तब घरधनीले घुमाउरो तरिकाले कोठा नदिने संकेत गर्छन्। यसरी मैले पनि शिक्षित समाजबाट जातकै कारण अस्वीकृत हुनु परेको छ। हालै मात्र सुदूरपश्चिम विश्वविद्यालयमा अध्ययनरत तुल्सी विश्वकर्माले कोठा नपाएर पीडा भोगिर हेको घटना सार्वजनिक गरेकी छन्। यी त केबल प्रतिनिधि घटना मात्र हुन्।

मेरा दलित साथीहरु लगायत दलित विद्यार्थीले भोगिरहेको यथार्थ यही नै हो। इतिहासदेखि पिँधमा रहेर विभेद र अपमानको सिकार बनिर हेको सिंगो दलित समुदाय आजको आधुनिक समाजमा पनि विभेदको पीडा भोग्न बाध्य छ। अहिलेको २१औं शताब्दीमा मानिस समानता, न्याय तथा शान्तिको पैरवी गर्ने पेसेवर अभियन्ताजस्ता बनेका छन्। देश र समाज बनाउँछु, सुख र समृद्धि ल्याउँछु, न्याय र शान्ति चाहन्छु नभन्ने न कुनै दल छन्, न त कुनै नेता। न कुनै संस्था छ, न त कुनै निकाय। यहाँसम्म कि कथित अधिकार कर्मीदेखि ढोंगी बौद्धिक वर्गसम्म आज मानव अधिकार र सामाजिक न्यायका उधारो व्यवसाय गर्छ तर यो समाजले दलित विद्यार्थीमाथि हुने विभेदको चीत्कार देख्न र महसुस गर्न सकेको छैन। अध्ययनको सिलसिलामा सहर बजारमा दलित विद्यार्थीले कोठा भाडामा नपाउने यो कुनै ठाउँ विशेषभन्दा पनि देशभर देखिएको समस्या हो। विगतदेखि देशकै राजधानी काठमाडौंमा समेत दलितले कोठा नपाएका घटना प्रशस्त छन्। जसकार ण अदालतको ढोका र राज्यका निकायसम्म पुग्नु परेको पाइन्छ। यसपछि मन्त्रीदेखि उच्च पदस्थहरुले



नै पीडितलाई न्याय दिलाउनुको साटो पीडकमाथि संरक्षण दिलाउने काम गर्छन्। लिच्छविकालदेखि सुरू भएको जात व्यवस्थालाई मल्लकालका राजा जयस्थिति मल्लले समाज सुधारको नाममा समाजलाई विभिन्न जातमा विभाजित गरे। त्यसपश्चात् राम शाह र पृथ्वीनारायण शाहसमेतले जात व्यवस्थाअनुसार व्यवहार गर्नुपर्ने स्थिति सिर्जना गरे। १९१० सालमा बनेको मुलुकी ऐनले त जात व्यवस्थालाई वैधानिकता नै दियो। जातकै आधार मा सजायसमेत दिन थालियो। त्यसउपरान्त कानुनी रुपमा विस्तारै परिवर्तन भए पनि विभेदका शृंखला भने सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक तथा अहिलेको डिजिटल प्लेटफर्म समेतमा निरन्तर देखिनमा आएका छन्। दलित विद्यार्थीले निरन्तर यो पीडा भोगिरहँदा पनि सरोकारवाला निकायले यसबारे चासो वा चिन्ता गरेको देखिँदैन। दलितका लागि काम गर्छु भन्ने संस्थादेखि विद्यार्थीका लागि बोल्छौं भन्ने विद्यार्थीसम्मको प्राथमिकताको विषय यो बन्दैन। दलित माथिको विभेदबार े सर्वप्रथम त राज्य जिम्मेवार हुनुपर्ने हो तर छैन। शिक्षित भनिने व्यक्तिहरुबाटै दलित विद्यार्थीमाथि हुने अत्याचार रोकिनु पर्छ।

**कानुनमा दलित समुदायको स्थान** : प्रजातन्त्र आएसँगै २०४७ सालमा संविधान बन्यो। त्यसपछि पहिलोपटक जातीय भेदभावलाई अपराधको रुपमा स्वीकार गरियो। त्यसपश्चात् २०६३ सालको अन्तरिम संविधानले दलितको विषयलाई मौलिक हकको रुपमा स्थापित गऱ्यो। नेपालको संविधान २०७२ को प्रस्तावनामै सबै प्रकारका जातीय छवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने र समतामूलक समाज निर्माण गर्ने संकल्प लिइयो। तर कतिपय संस्थागत प्रावधान केवल कागजी दस्तावेजमात्र बने। प्रथा, पर म्परा, जात, जाति, धर्म वा अन्य आधारमा छुवाछूत वा भेदभाव गर्न नहुने र कुनै पनि धार्मिकस्थलमा प्रवेश रोक्न वा निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोगबाट वञ्चित गर्न नहुने कुरा कानुनले सुरक्षित गरे पनि व्यवहारमा पूर्णतः कार्यान्वयन अझै छैन।

छवाछूत, बहिष्कार, प्रतिबन्ध, निष्कासन, अपहेलना वा त्यस्तै अन्य मानवता विरोधी भेदभावजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्यबाट पीडितलाई क्षेत्रपूर्तिसमेतको व्यवस्था छ। शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि, आवास, श्रमलगायत अन्य विशेष ऐनमा दलितका विषय समेटिएको त पाइन्छ तर व्यवहारतः भने आज पनि दलित समुदाय पिँधमै छ। दलित समुदायका विद्यार्थी जातीय विभेदजस्तो अमानवीय सामाजिक अपराध भोग्न बाध्य छन् ।


### स्वास्थ्य कार्यालय रौतहट, गौरको अनुरोध

सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन २०६८ बमोजिम
- सार्वजनिक स्थलमाधुम्रपानतथा सुर्तिसेवन गर्न नहुने ।
- संघ संस्था र कार्यालय तथा सार्वजनिक स्थलमाधुम्रपानतथा सुर्तिसेवन गर्न नपाउने व्यहोरा को सुचना सवैले देखने र पढन सक्ने गरी सुचनाटाँस गर्नुपर्ने छ ।
- घर तथानिजी सवारी साधनभित्रधुम्रपान गर्न नहुने ।
- सुर्तिजन्यपदार्थ नियन्त्रण र नियमन गर्ने ऐन २०६८ लाई अनिवार्य पालना गर्ने ।
- चेतावनीमुलक संदेश तथाचित्रउलेख गर्नुपर्ने ।
- सुर्तिजन्यपदार्थ सम्बन्धीविज्ञापनतथाप्रयोजन गर्न नपाइने ।
(FM, Radio, Television, Hooding Board,भितेलेखन, लोगो, संकेत इत्यादी)
- बिक्रीबितरणतथाप्रदर्शनमाबन्देज
- १८बर्ष नपुगेका व्यक्ति र गर्भवतिमहिलालाई सुर्तिजन्यपदार्थ बिक्रीवितरण गर्न वागयर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन ।
- नेपाल सरकारले नेपाल राजपत्रमा सुचनाप्रकाशन गरी तोकिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटर भित्रको घर, पसलबाट सुर्तिजन्यपदार्थ बिक्रीवितरण गर्न गराउन पाउने छैन ।
- कसैले पनिनिःशुल्क रुपमा सुर्तिजन्यपदार्थ वितरण गर्न वाउपाहर दिनपाउनेछैन ।
- कसैले पनिफुटकर रुपमा चुरोट, बिंडीवासिगरेटको खिल्लीबिक्रीबितरणगर्न नपाउने गरी नेपाल सरकारले सुचनाप्रकाशन गर्न सक्नेछन ।
- नेपाल सरकारले चाहेमा सुर्तिजन्यपदार्थ बिक्रीबितरण गर्न इजाजत पत्र लिनु पर्ने व्यवस्था गर्न सक्नेछ ।
- कसैले पनि सुर्तिजन्यपदार्थप्रतिआकर्षणहुने गरी बिक्री स्थलबाट सजावट गर्नतथात्यस्तो पदार्थको प्रर्दशन गर्न पाउने छैन ।
- लाइटर वा सलाई पसलमा झण्डयाई राख्न पाउने छैन ।

**मानिसको स्वास्थ्यमा पार्ने तत्काल असरहरू**
- झुम्मपार्ने, केही बेर मस्तिष्कचनाखो हुने र पछि सुस्त हुने
- रक्तनलीमाबोसोजन्यपदार्थ (कोलेस्टेरोल) को मात्राबढाउने
- आँखा, घाँटी र मुखमाअप्ठ्यारो हुने
- हातकाम्ने
- पेटमा ाअम्लको मात्राबढाउने
- छालाको तापक्रमघटाउने
- मुटुको धड्कन बढाउने
- यौन चाहनामा कमी आउने इत्यादि ।

**मानिसको स्वास्थ्यमा पार्ने दीर्घकालीन असरहरू**

सुर्तीजन्यपदार्थको सेवन गर्ने व्यक्तिहरूलाई विभिन्नकिसिमका रोगनकारात्मक असरहरू पर्न सक्छन् । कुनै पनि सुर्तीजन्यपदार्थको सेवन गर्नेदेखापर्ने मुख्य रोग तथा असरहरू यस प्रकार छन्
- विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेट लगायत अङ्गहरू)
- मुटुसम्बन्धी रोगहरू, हृदयघात
- मस्तिष्कघात
- दम, खोकी, क्षयरोगी, निमोनिया र दीर्घ श्वासप्रश्वास अवरोध सम्बन्धी रोग ।

**स्वास्थ्य कार्यालय रौतहटको जनचेतनामूलक जारी सन्देश ।**

# प्रहरी र जनप्रतिनिधिको दबाब सहन नसकेपछि एसइई दिइरहेकी गुञ्जा चौरसियाले गरिन आत्महत्या !

चैत १३, वीरगञ्ज । बाराको महागढीमाई नगरपालिका - ६ बबुआईनकी १६ वर्षीय किशोरी गुञ्जा चौरसियाले आत्महत्या गरेको घटनाले स्थानीय समुदायमा ठूलो तरङ्ग ल्याएको छ। सोमबार साँझ उनको शव आफ्नै घरमा झुन्डिएको अवस्थामा फेला पर पछि उनको परिवारलाई शोकमा डुबाएको छ । गाउँले र आफन्तमा भने आक्रोशित हुँदै न्यायको माग गरि रहेका छन् ।

स्थानीयहरूका अनुसार प्रहरी र स्थानीय वडा अध्यक्षको दबाबका कारण गुञ्जाले आत्मा गरेकी हुन्। मङ्गलवार बारा जिल्लाको सदरमुकाम कलैयास्थित भरत चोकमा गुञ्जाको शवसहित ठूलो प्रदर्शन गर्दै आफन्त र स्थानीयले दोषीमाथि कार बाही गर्दै पीडितलाई न्याय दिनुपर्ने माग गरेका छन् । गुञ्जाका आफन्तहरूका अनुसार, प्रहरी र वडा अध्यक्ष गेनालाल राउत अहिरले दिएको पटक - पटकको दबाब र मानसिक यातनाका कारण उनी आत्महत्या गर्न बाध्य भइन्।

**घटना के हो ?**



गत फागुन १५ गते गुञ्जाका बुवा रामदिन चौरसिया र छिमेकी रामानन्द यादवबिच जग्गा-जमिनको विषयमा झैं-झगडा भएको थियो । विवादपछि यादवले चौरसियाविरुद्ध जिल्ला प्रहरी कार्यालय बारामा कुटपिटको मुद्दा दर्ता गराए। मुद्दा दर्तासँगै चौरसियाविरुद्ध पक्राउ पुर्जी जारी भयो। पक्राउ पर्ने डर ले चौरसिया फरार भए । चौरसिया फरार भएपछि गुञ्जा आफ्नो भाइबहिनिहरूसँग एक्लै बस्दै आएकी थिइन्।

चौरसियालाई पक्राउ गर्न प्रहरी र वडा अध्यक्ष गेनालाल राउत अहिर बारम्बार उनको घरमा पुग्थे । स्थानीयका अनुसार, दिनमा तीन-चार पटकसम्म प्रहरी टोली र वडा अध्यक्षको उपस्थितिले गुञ्जा र उनका भाइबहिनीमाथि ठूलो मानसिक दबाब परेको थियो। "प्रहरीले बुवालाई खोज्ने बहानामा उनीहरूलाई तनाव दिन्थ्यो। कहिले दिनमा, कहिले राति– यो सहन गाह्रो थियो," एक छिमेकीले भने। वडा अध्यक्ष र प्रहरीद्वारा दिइएको निरन्तर को मानसिक यातनाले गुञ्जालाई आत्महत्याको बाटो रोज्न बाध्य बनाएको स्थानीयको ठहर छ।

# योगी आदित्यनाथको जीवनमा आधारित फिल्म पाँच भाषामा रिलिज हुने

१३ चैत काठमाडौं। भारतको सत्तारुढ दल भारतीय जनता पार्टीका प्रभावशाली नेता तथा उत्तर प्रदेश राज्यका मुख्यमन्त्री योगी आदित्यनाथको जीवनीमा आधारित फिल्म बन्दैछ। 'अजेय :द अनटोल्ड स्टोरी अफ अ योगी' नामको उक्त फिल्म एक साथ ५ भाषामा रिलिज हुने जनाइएको छ।

यसै वर्ष रिलिज हुने उक्त फिल्ममा योगी आदित्यनाथको जीवनका विभिन्न पक्षलाई उतारिने निर्माण पक्षले जानकारी दिएको छ। फिल्ममा योगी आदित्यनाथको भूमिकामा अनन्त जोशीले अभिनय गर्दैछन्। उक्त फिल्ममा परेश रावल, दिनेशलाल यादव 'निरहुआ', अजय मेंगी, पवन मल्होत्रा, राजेश खट्टर, गरिमा सिंहले समेत अभिनय गरेका छन्। फिल्मलाई हिन्दी, तेलुगु, तमिल, कन्नड र मलायम भाषामा रिलिज गर्ने जनाइएको छ।

सम्राट सिनेमेटिक्सको ब्यानरमा उक्त फिल्म निर्माणाधीन छ । फिल्ममा योगी आदित्यनाथको जीवनको सुरुवाती अध्यायदेखि



नाथपन्थी योगीका रूपमा सन्न्यास लिने निर्णय, उत्तर प्रदेशको सामाजिक-राजनीतिक आयामलाई नयाँ रूप दिने नेताका रूपमा उनले हासिल गरेको सफलतालाई समेटिएको निर्माण पक्षको भनाइ छ। फिल्मका निर्देशक रवीन्द्र गौतमले भने, 'यो फिल्म देशका युवालाई अविश्वसनीय रूपमा प्रेरणा दिनेछ, जो उत्तराखण्डको एउटा गाउँको साधारण मध्यमवर्गीय परिवारमा जन्मिएको व्यक्ति भारतकै सबैभन्दा धेरै जनसंख्या भएको राज्यको मुख्यमन्त्री बन्दासम्मको जीवन-संघर्षलाई चित्रण गर्दछ।' उक्त फिल्मको 'फस्ट लुक' हालै सार्वजनिक गरिएको छ।





**व्यक्तिगत घटना दर्ता सम्बन्धी सार्वजनिक सुचना**

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं ।

फतुवा विजयपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लक्ष्मीपुर (दो.), रौतहट
मधेश प्रदेश, नेपाल

**व्यक्तिगत घटना दर्ता सम्बन्धी सार्वजनिक सुचना**

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं ।

राजदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजदेवी,रौतहट

**व्यक्तिगत घटना दर्ता सम्बन्धी सार्वजनिक सुचना**

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं ।

बौधीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सरमुजवा, रौतहट
मधेश प्रदेश, नेपाल

**प्रदेश सरकारबाट रौतहट जिल्लाको लागि स्वीकृत कार्यक्रमहरूलाई कृषकहरू समक्ष पुर्याउने कामहरू**

- भ्यालिडेशन परीक्षण सन्चालन गर्ने ।
- परीक्षण सम्वन्धी सामान्य प्रयोगशाला सेवा ।
- कृषि प्रसार शैक्षिक क्रियाकलाप सन्चालन गर्ने ।
- प्राविधिक तथा ब्यवसायिक कृषक र ब्यवसायी ।
- एडभान्स तालिम संचालन गर्ने ।
- विशेषज्ञ प्राविधिक सेवा ।
- कृषि विकास कार्यक्रम, आयोजनाको समन्वय तथा सम्पर्क विन्दुको रूपमा कार्य ।
- कृषि बिकाश कार्यक्रममा सरकारलाइ सहयोग ।
- जैविक विविधताको पहिचान, संरक्षण र उपयोग ।
- अनुसन्धान स्थलको रूपमा कार्य ।
- स्रोतकेन्द्रको रूपमा कार्य ।
- क्षमता विकास सम्वन्धि कार्य ।
- संघीय आयोजनाहरूको संचालन र नियन्त्रण ।
- पकेट, ब्लक, जोन तथा सुपरजोनहरूको लागि प्राविधिक सेवा ।
- बाली बस्तु विकासको योजना, मूल्य अभिवृद्धि श्रृंखला विकास तथा कार्यान्वयन ।
- इन्टर्नसिप कार्यक्रम संचालन ।
- कृषि सम्वन्धि तथ्याँक सँकलन तथा अध्यावधिक गर्ने र संघीय तालुक निकायहरूमा पठाउने।
- ब्यवसाय विकास सेवा उपलब्ध गराउने ।

कृषि ज्ञान केन्द्र
रौतहट, गौर

## वीरगञ्ज : नशालु पदार्थ खुवाएर छोरीको साथीमाथि

# पटक-पटक बलात्कार, गर्भवती भएपछि बाहिरियो घटना

चैत १३, वीरगञ्ज । वीरगञ्जमा एक जना किशोरीमाथि पटक-पटक बलात्कार गरेको घटना सार्वजनिक भएको छ । पीडित किशोरी बलात्कार का कारण गर्भवती भएको र उनको गर्भ १० हप्ताको भएको तथ्य पनि बाहिर आएको छ । प्रहरीका अनुसार पीडकले किशोरीलाई पानीमा नशालु पदार्थ मिसाएर मानसिक रुपमा सुस्त बनाई पटक-पटक बलात्कार गरेको खुलेको छ ।

पीडित किशोरीले प्रहरीलाई दिएको बयानमा आफू पीडकको घर मा पढ्न जाँदा यस्तो अमानवीय व्यवहारको सिकार भएको बताएकी छन् । पीडकले उनलाई पानीमा नशालु पदार्थ मिसाएर बेहोस बनाउने र त्यसपछि बलात्कार गर्ने गरेको किशोरीको बयान छ । किशोरीका अनुसार, पीडकले आफूलाई ज्यान मार्ने धम्की दिने गरेको र घटना बाहिर ल्याए बेइज्जत गराइदिने धम्की दिँदै नियमित रुपमा यौन शोषण गर्ने गरेका थिए । पीडित किशोरी पीडककी छोरीकी साथी भएको र सोही नाताले उनको घरमा आउजाउ गर्ने क्रममा अपराधको सिकार बनेकी हुन् ।

पीडकको नाम शेख मोहम्मद अनवर रहेको प्रहरीले जनाएको छ । ५२ वर्षीय अनवर वीरगञ्ज महानगरपालिका वडा नम्बर



३१ इस्लामपुरका स्थायी बासिन्दा हुन् । हाल उनी वीरगञ्ज महानगरपालिका वडा नम्बर १३ मुर्लीमा बस्दै आएका थिए । पर्सा प्रहरीका प्रमुख, प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्रले पीडित किशोरीले दिएको जाहेरीका आधारमा आरोपी अनवरलाई नियन्त्रणमा लिइसकिएको जानकारी दिए । उनले भने, "हामीले पीडितको बयान र जाहेरीका आधारमा आरोपीविरूद्ध अनुसन्धान सुरू गरेका छौँ । उनलाई पर्सा जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान अघि बढाइएको छ ।" प्रहरीले घटनालाई जबरजस्ती करणीको मुद्दाको रुपमा दर्ता गरेको छ।

पीडित किशोरी हाल प्रहरीको संरक्षणमा छिन् । उनको स्वास्थ्य परीक्षणका लागि प्रहरीले तत्काल कदम चालेको छ भने आवश्यक कानुनी र मानसिक परामर्श पनि प्रदान गरिरहेको छ । गर्भ १० हप्ताको अवस्थामा रहेकी किशोरीको शारीरिक र मानसिक स्वास्थ्यमा विशेष ध्यान दिइएको प्रहरीले जनाएको छ । घटनाले वीरगञ्ज क्षेत्रमा ठूलो तरङ्ग ल्याएको छ । स्थानीय बासिन्दाहरुले यस्तो जघन्य अपराधको कडा भन्दा कडा सजायको माग गरेका छन् । किशोरीको संरक्षण र न्यायका लागि आवाज उठ्न थालेको छ ।

घटना समाजमा लुकेर रहेको अपराधको एउटा डरलाग्दो उदाहरण बनेको छ । प्रहरीले मुद्दालाई गम्भीरतापूर्वक लिएको र पीडकलाई कानुनी दायरामा ल्याउन कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता रहेको एसपी मिश्रले बताए । पीडित किशोरीको भविष्य र उनको स्वास्थ्यको रक्षा गर्न सबै पक्षको सहयोग आवश्यक देखिएको छ ।

# अनलाइन जुवा खेलाएको आरोपमा ११ जना भारतीय पक्राउ

चैत १३, वीरगञ्ज । अनलाइन जुवा खेलाएको आरोपमा प्रहरीले बुढानीलकण्ठबाट ११ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ । मङ्गलवार साँझ बुढानीलकण्ठ नगर पालिका-३ देउला टोलस्थित एक घर बाट ११ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी अपिलराज बोहोराले जानकारी दिए ।

भारतका २४ वर्षीय सनी मिणा, २५ वर्षीय मोहित वर्मा, २६ वर्षीय पिउस भारतद्वाज, २५ वर्षीय हरकेश डडैया, २२ वर्षीय निशान्त भारद्वाज, २३ वर्षीय आकाश वर्मा, १९ वर्षीय अंकितकुमार सैनी, २३ वर्षीय



सन्जु शाकला, २८ वर्षीय रामसिंह जाठ, १९ वर्षीय लोकेश कुमार र १९ वर्षीय विकाश कुमार पक्राउ परेका हुन् । उनका अनुसार उनीहरुले अनलाइन जुवा खेलाउने काम गर्थे । उनीहरुले दुई अर्बभन्दा बढी रकमको कारोबार गरेको देखिएको हो । त्यस्तै ९६ लाख ३३ हजार भन्दा बढी क्रिप्टोकरेन्सीको कारोबार समेत देखिएको प्रहरीले जनाएको छ । यस्तै उनीहरुमाथि ७ दिन हिरासतमा राख्न जिल्ला अदालत काठमाडौंबाट म्याद थप भएको छ ।

# पर्सामा सशस्त्र प्रहरीद्वारा भारतीय कुखुरा नष्ट

चैत १३, वीरगञ्ज । सशस्त्र प्रहरीले पर्साको जिराभवानी गाउँपालिकाबाट ठूलो परिमाणमा अवैध रुपमा भित्र्याइएको भारतीय कुखुरा बरामद गरी नष्ट गरेको छ । सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट (बीओपी) महादेवपट्टिबाट निरीक्षक नरेन्द्रसिंह बिस्टको नेतृत्वमा खटिएको टोलीले जिराभवानी गाउँपालिका-२, बसन्तपुर बाट ना ३८ प ३१५८ नम्बरको मोटर साइकलसहित ८० किलो भारतीय कुखुरा नियन्त्रणमा लिएको हो ।

बरामद गरिएको कुखुरा जिराभवानी गाउँपालिका वडा नम्बर-२ का वडा अध्यक्ष महादेव महतो थारू, पर्सा ग्रामीण कुखुरा व्यवसायी संघका सदस्य जितेन्द्र यादव, स्थानीय



पशु क्वारेनटाइन तथा सञ्चारकर्मीहरुको रोहवरमा नष्ट गरिएको सशस्त्र प्रहरी बल १३ नम्बर गण हेडक्वार्टर पर्साका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक नरेन्द्र सिंह धामीले जानकारी दिएका छन् । त्यसै गरी, बरामद गरि एको मोटरसाइकललाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी वीरगञ्ज भन्सार कार्यालयमा पठाइएको छ । सशस्त्र प्रहरीले सीमा क्षेत्रबाट हुने अवैध व्यापार नियन्त्रण गर्न अभियानलाई निरन्तरता दिने जनाएको छ ।

व्यक्तिगत घटना दर्ता
सम्बन्धी सार्वजनिक सुचना
जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं ।
ईशनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
औरैया, रौतहट
मधेश प्रदेश, नेपाल

व्यक्तिगत घटना दर्ता
सम्बन्धी सार्वजनिक सुचना
जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं ।
बृन्दाबन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिश्रामपुर,रौतहट

व्यक्तिगत घटना दर्ता
सम्बन्धी सार्वजनिक सुचना
जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं ।
राजदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
मधेश प्रदेश, नेपाल

व्यक्तिगत घटना दर्ता
सम्बन्धी सार्वजनिक सुचना
जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं ।
कटहरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटहरिया,रौतहट

रौतहटवासीसंग जिल्ला स्वास्थ्य कार्यालयको अनुरोध !

१) जथाभावी दिसापिसाब र फोहरमैला नगरौं, विभिन्न प्रकारका सरुवा रोगबाट बचौं र बचाऔं ।
२ ) चर्पीमा मात्र दिशापिसाव गर्ने बानी बसालौं र फोहरमैला छोएपछि वा दिशापिसाव गरेपछि वादिशापिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
३) हात खुट्टाका नंगहरु काटेर सफा गरौं र बासि सडेगलेका, झिंगा भन्केका खानेकुरा नखाऔं ।
४) झाडा पखाला शुरु हुनासाथ बच्चालाई साविक भन्दा बढी झोल पदार्थ खुवाउनु पर्छ ।
५) झाडा पखाला लागेको बच्चाको दिशामा रगत देखिएमा लगातार बान्ता भईरहेमा दिशा धेरै पटक भईरहेमा र बच्चा सिकिस्त हुंदै गएमा गाउंको नजिकै स्वास्थ्य संस्थामा देखाउनु पर्दछ।
६) कालाजार र औलौरोगबाट बच्न सधैं झुल टांगेर मात्र सुत्ने र घर गोठमा भएका मुसाका प्वाल रभित्तामा भएका चिराहरुलाई लिपपोत गरी राम्रोसंग टाल्ने ।
७) लगातार दुई हप्ताभन्दा बढी समयसम्म ज्वरो आईरहने , पेट बढ्नु वा देब्रे कांखमा डल्लो परेको महसुस हुनु, दिन प्रतिदिन दुबलाउंदै जानु, रगतको कमी भई अनुहार, हातखुट्टा, पेटको छाला आदिकालो हुंदै गएमा कालाजार भएको हुनसक्छ ।
८) विभिन्न सरुवा रोगबाट बच्न एक वर्षभित्र सम्पूर्ण बालबालिकालाई वि.सि.जि., डि.पि.टी., पोलियो र दादुराको खोप लगाईसक्नु पर्दछ ।
९) गर्भवति महिलालाई गर्भावस्थामा कम्तिमा चार पटक स्वास्थ्य संस्थाहरुमा गई जचाउंनु पर्दछ ।
१०) गर्भावस्थामा रगतको कमी हुन नदिनका लागि दैनिक रुपमा पौष्टिक खाना खानुको साथै गर्भ रहेकोचार महिनादेखि बच्चा जन्मेको डेढ महिनासम्म आईरनको १ चक्की दैनिक रुपमा खानुपर्दछ। यो चक्कीस्वास्थ्य संस्थाहरुमा निःशुल्क पाईन्छ ।
११) बच्चाले छिटो छरितो श्वास प्रस्वास फेरेमा,कोख हानेमा, झोल कुरा वा खाने कुरा खान नसकेमा,आमाको दुध चुस्न नसकेमा ,खुट्टा चिसो भएमा,ज्वरो आएमा बच्चालाई निमोनिया हुन सक्दछ ।
१२) यस्तो निमोनिया भएमा नजिकको स्वयंसेविका वा स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोस् र बच्चालाईसमयमै उपचार गराउनु होस् ।
१३) हरियो सागपात र पहेंलो फलफूल प्रसस्त मात्रामा आफु पनि खाऔं र बालबालिकालाई पनि खुवाई भिटामिन ए को कमी (रतन्धो) हुनबाट बचौं ।

प्रादेशिक अस्पताल रौतहट, गौर

सम्पादक : पुष्पराज यादव, प्रकाशक : दिलीप कुमार पाण्ड
मुख्य कार्यालय : गौर नगरपालिका–७, रौतहट, मुद्रक :- हेमा पब्लिकेशन गौर, pradeshsamachardainik@gmail.com